# कुम्मायक गाउँपालिकाको कृषि तथा पशुपालन कार्यक्रम सञ्चालन कार्यविधि २०७४

कुम्मायक गाउँपालिकाको कृषि तथा पशु कार्यक्रमको कार्यविधि सञ्चालन सहजिकरण समितिका पदाधिकारी तथा सदस्यहरु ।

**<u>निम्न</u>**

| | |
|---|---|
| १. संयोजक- याम बहादुर बोहोरा | (गा. पा. स.) |
| २. सदस्य - उर्मिला निरौला | (गा. पा. स.) |
| ३. सदस्य - राज किसोर शाह | (पशु सेवा अधिकृत) |
| ४. सदस्य - विष्णु शंकर विश्वकर्मा | (कृषि प्रा. स. ) |
| ५. सदस्य - धर्म ढकाल | (अगुवा कृषक) |
| ६. सदस्य- बिष्णु बोहोरा | (अगुवा कृषक) |
| ६. शिव कुमार राई | (सदस्य सचिव) |

१. कृषि तथा पशुपालन कार्यक्रमको उदेश्यः-

१.१ कुम्मायक गाउँपालिकाको कृषि तथा पशु बिकास कार्यक्रम अर्न्तगत विनियोजित गरिएको रकमबाट गा. पा.को सबै वार्डका लक्षित कृषकहरुसग समन्वय गरी छिटो,छरितो र प्रभावकारी पारदर्शिता कायम राखि दिगो आय आर्जन गरी कृषकको आर्थिक अवस्थामा सुधार ल्याउने।

## कृषि सम्बन्धी कार्यक्रमहरु

१. कृषि तथा पशु सम्बन्धी समुह गठनको  अभिमुखिकरण कार्यक्रममा प्रत्येक वडाहरुको वडा कार्यालयहरुमा कृषकहरुको वृहत उपस्थितिमा कृषि तथा पशु शाखा कार्यालयबाट सबै शीर्षकहरुको विषयहरुलाई समावेश गरी संचालन गर्ने ।

२. गाउँसभाले पारित गरेको कृषि क्षेत्र अर्न्तगतको प्लाष्टीक पोखरी प्रत्येक साबिक गा.वि.स हरुको वडाहरुमा ५ वटाका दरले ८x१० साईजको प्लाष्टीक पोखरी निर्माणको लागी प्लाष्टिक १८० वटा ५०% अनुदानको रुपमा समूहले कृषकहरुलाई उपलब्ध गराउने र पोखरी निर्माणको लागी खाल्डो खन्ने कार्य स्वयम कृषकहरुले नै गर्ने । प्लाष्टिक खरिद गर्दा कोटेसनको माध्यमबाट खरिद गर्ने ।

३. स्पेयरको सम्बन्धमा विनियोजित बजेट बाट साबिक गा. वि. स. हरुको प्रत्येक वडाहरुमा ५ वटाका दरले ८०% अनुदानको रुपमा १८० वटा प्लाष्टिक स्पेयर समूहका कृषकहरुलाई उपलब्ध गराउने ।

४. आँप, लिचि, कागती, सुन्तलाको विरुवाहरुको कृषि शाखा कार्यालयबाट खरिद गरी  ७५% अनुदानबाट समुहले छनौट गरेका कृषकहरुलाई वितरण गर्ने ।

४.१ आपँ (अम्रपाली) गा. पा. का सबै क्षेत्रका कृषकहरुलाई न्युनतम ५-२० वटा ब्याक्तिगत रुपमा उपलब्ध गराउने । (१००० विरुवा)

४.२ लिचि(सिडलेक) गा.पा. का सबै क्षेत्रका कृषकहरुलाई न्युनतम ५-१० विरुवा ब्याक्तिगत रुपमा उपलब्ध गराउने। (५०० विरुवा)

४.३ कागती(विजु) गा. पा. का सबै क्षेत्रका कृषकहरुलाई न्युनतम १०-५० विरुवाहरु ब्यक्तिगत रुपमा उपलब्ध गराउने(१००० वटा विरुवाहरु)

४.४ सुन्तला(विजु) गा. पा. भित्र रहेका पकेट क्षेत्र साबिक रानिगाउँ वडा नं. ६,८ र स्यावरुम्बा २ लाई प्राथमिकता दिने न्यनतम २०-५० बिरुवाहरु ब्यक्तिगत रुपमा उपलब्ध गराउने।(१५०० बिरुवाहरु)

४.५ कृषि सिचाई पक्कि पानी पोखरीको लागी प्रत्येक वडाहरुमा १ वटाका दरले वडा नं. १ मा सेरजेम्बा पोखरी वडा नं. २ मा गड्तौला वस्तिको पोखरी, वडा ३ मा हात्तिपोखरी वडा नं. ४ .......... मा र वडा नं. ५ मा तलाउपोखरी निर्माण गर्ने ।

५. विभिन्न क्षेत्रहरुको सेवा सुबिधामा छनौट भएका कृषकहरुले अनुदानको रुपमा सहभागिता गर्न नसकेको अवस्थामा बैकल्पिक कृषकहरुको समुहले नै छनौट गर्ने ।

## पशुपालन सम्बन्धी कार्यविधि

१. गाउँपालिका स्तरमा एक कार्यक्रम संचालन तथा अनुगमन समिति गठन गर्ने ।
२. सबै वडामा कार्यालयले जनप्रतिनिधि, टोल बिकास संस्थाका संयोजकहरु कृषि सहकारीका प्रतिनिधि तथा अगुवा कृषकहरुको मेला गराई गाई, भैसी, बाख्रा र वंगुरपालक कृषक समूह गठन गरी गा.पा. मा दर्ता गराउने ।
३. समूहहरुले आ- आफ्नो टोल बस्तीमा के के पालन गर्ने र समूहले किटान गर्न नसकेको अवस्थामा वार्ड स्तरिय समूहले किटान गर्ने ।
४. साबिक वडा नछुटने गरी घरधूरीलाई समेत आधार बनाई गाई, पाडी, बाख्रा र बंगुर पालनको लागी २-५ वटा समूह गठन गर्ने ।
५. पशुपालक कृषक समूह गठन गर्दा न्युनतम १५ देखि बढीमा २५ जना कृषक रहेको समूह गठन गर्ने ।
६. एउटै कृषक परिवार एक भन्दा बढी समूहमा बस्न नमिल्ने साँथै यहि आ. व. मा प्लाष्टिक पोखरीका लागी प्लाष्टिक अनुदानमा पाउने कृषक परिवारको सदस्य कुनै पनि समूहमा रहेता पनि पशुपालनको सेवा सुविधा नपाउने ।
७. गा.पा. सँग साझेदारी रहेको रकम कृषकले सम्बन्धीत निकायमा तोकिएको समयभित्र जम्मा गर्नु पर्ने अन्यथा सेवा सुविधाबाट बञ्चित हुने।

८. गाईपालक कृषक समूहले ५-१० वटा र बाख्रा तथा वंगुरपालन समूहले ५-८ वटा पनि पाउने।

९. गाईपालक कृषकले गाईको बिमा अनिवार्य गराउने र बिमा कम्पनिलाई सम्बन्धीत निकायले समन्वय गराउने।

१०. सबै वडामा वार्ड स्तरीय पशुपालन अनुगमन समिति गठन गर्ने ।

११. समूहबाट छनौट भएका कृषकले गोठ तथा खोर मापदण्ड अनुसार आफै तयार गर्ने ।

१२. बाख्रा र बंगुरपालक कृषकले बाख्रा तथा बंगुर साटासाट कार्यक्रमको निम्ति अवलम्बन गर्ने ।

१३. कृषकले प्राप्त गरेका गाई, बाख्रा र बंगुर बिरामी भएका तत्काल सम्बन्धित निकायमा जानकारी गराई उपचार समेत गराउने र मृत्यु भएमा सम्बन्धित समूहले स्थलगत मुजुल्का उठाइ सम्बन्धित निकायहरुमा जानकारी गराउने ।

१४. कुनै पनि अनुदान वा साटासाट भएका बस्तुको ५ बर्षभित्र बेचबिखन गर्न नपाईने यदि सन्तान उत्पादन नभई थारो रहन गएमा सम्बन्धित वार्ड समितिको अनुमतिमा बिक्रि गरी बिक्रि भएको ७ दिन भित्र सो सट्टामा कृषकले आफै खरिद गर्ने

१५. बिउसार बोका सबै वडामा ३ वटाको दरले र बिउसार बंगुरको बीर सबै वडामा २ वटाका दरले बितरक गर्न वडा भेलाले स्थान र कृषक छनौट गर्ने । वीउसार बोका, वार्डको वडा भेलाले दस्तुर तोकि सो रकम बोका वीरपालक कृषकले पाउने। उमेर धैरै भएका बोका, वीर बिक्रि गरी सोहि बराबरको बिउसार बोका वीर सम्बन्धित कृषकले आफै खरिद गर्ने ।

१६. पशुपालक कृषक छनौट गर्दा एकल महिलालाई पहिलो प्राथमिकता दिने।

१७. बिषयगत कार्यालयका कर्मचारीहरु यस कार्यक्रम(पशु तथा कृषि) अर्न्तगत परिचालित समितिका पदाधिकारीहरुलाई नियम बमोजिम सेवा सुविधा प्रदानको लागी गा.पा. ले तोके बमोजिम हुनेछ।

## पशुपालन कार्यक्रम सम्बन्धमा

१. बाख्रापालन बिशेष कार्यक्रम अर्न्तगत  प्रत्येक वडामा बाख्रा ६० वटा का दरले ७५% अनुदानमा रु ४,५००|- मा ३०० वटा वितरण गर्ने|
२. बोका उन्नत जातको  प्रत्येक वडामा ३ वटाका दरले १००% अनुदानमा रु २०,०००|-  मा १५ वटा बोका बितरण गर्ने ।
३. बाख्रापालन सम्बन्धी वयर जातको बोका गाउँपालिकाका सबै वडाहरुलाई समेटने गरी १ वटा खरिद गर्ने ।
४. गाईपालन विशेष कार्यक्रम अर्न्तगत वडा नं. १ मा ५५ वटा, वडा नं. २ मा ५५ वटा, वडा नं. ३ मा ५० वटा, वडा नं. ४ मा ५० वटा र वडा नं. ५ मा ५५ वटा बाच्छी |पाडी ५०% अनुदानमा रु १०,०००|- मा २६५ वटा वितरण गर्ने|
५. बंगुरपालन कार्यक्रम अर्न्तगत भुनी स्थानिय जातको प्रत्येक वडामा ६० वटाका दरले १००% अनुदानमा रु ३,०००|- मा ३०० वटा बितरण गर्ने| खोर ब्यवस्थित सम्बन्धित कृषकहरुले आफै अनिवार्य गर्नुपर्नेछ ।
६. बंगुरपालन कार्यक्रम अर्न्तगत उन्नत जातको विर प्रत्येक वडामा २ वटाका दरले १००% अनुदानमा रु १०,०००|- मा १० वटा वितरण गर्ने ।

## कृषी तथा पशु कृषक समूह गठन सम्बन्धमा

१. प्रत्येक टोल, वस्तीबाट समूह गठन गरी तिनै समूहको प्रतिनिधित्व हुने गरी वर्तमान वडाको वडा स्तरीय छाता समूहको गठन गर्ने । सोहि वडा स्तरिय समूहको प्रतिनिधित्व रहने गरी कुम्मायक गाउँपालिका स्तरीय समूह गठन गरीने र सोहि वडा स्तरीय समुहले  के कस्ता कार्यक्रमहरु अनुकुलताका आधारमा कुन कुन समूहलाई दिने निर्धारण गर्ने। निर्धारण गर्न नसकेका वडा कार्यालयको सहयोगमा समन्वय गरी समाधान गर्ने ।
२. गाउँपालिका स्तरिय समूह गठन हुदाँ वडा स्तरिय छाता समूहको अध्यक्ष वा निजले तोकेको ब्यक्ति रहने ।

३. २०७५ साल बैशाखको पहिलो हप्ता भित्र गा.पा. स्तरिय समूहको नाममा खाता खोल्नु पर्ने।

## खरिद प्रक्रिया सम्बन्धमा

१. समूह दर्ता भएको १५ दिन भित्र साझेदारीको हुन आउने रकम गाउँपालिका स्तरको कृषि तथा पशुपालन समूहहरुको बचत तथा ऋण सहकारी संस्था लि. यासोकको खातामा जम्मा गर्नु पर्ने ।

२. पशुपालक कृषक समूहले तोकिएको सिमा भित्र रहि पशु खरिदको ब्यवस्था सम्बन्धित कार्यालय, खरिद मूल्याङ्कन समिति र गा.पा. स्तरको समूह समेतको साझा सहमतिको आधारमा खरिद ब्यवस्था गर्ने ।

३. पशु खरिद गर्दा तोकिएको रकम भन्दा माथिको खरिद गरेमा कृषक स्वंयमले ब्यहोर्ने ।

४. तोकिएको रकम भन्दा कम मुल्यको खरिद गरेमा मूल्याङ्कन समितिले तोकिएको मूल्यको आधारमा मात्र अनुदान पाउने।

५. पशु खरिदको मूल्याङ्कन समिति देहाय बमोजिम गठन हुनेछ

| | |
|---|---|
| ५.१. वार्ड स्तरीय पशुपालक समूहको अध्यक्ष वा निजले तोकेको समूहको पदाधिकारी- | संयोजक |
| ५.२. पशु शाखा कार्यलयको प्रतिनिधि | सदस्य |
| ५.३. सम्बन्धीत पशुपालक समूहको अध्यक्ष | सदस्य |
| ५.४. सम्बन्धित वडाको जनप्रतिनिधि(१ जना) | सदस्य |

६. खरिद मूल्यांकन समितिले पास गरेको पशुहरुको हुलिया (रङ,उमेर,तौल) सम्बन्धित समूहले एक प्रति वडा स्तरिय पशुपालक कृषक समूहमा र एक प्रति वडा कार्यालयको सिफारिस सहित रकम निकासाको लागि एक प्रति गाउँपालिकामा बुझाउने।

## गा.पा.मा समूह दर्ता सम्बन्धमा

१. कुम्मायक गाउँपालिकाको कार्यालयमा सबै समूहहरु प्रक्रिया पुर्वक २०७४ चैत्र २५ गते दर्ता भई सक्नु पर्ने ।वडा स्तरीय समूह मिति २०७४ चैत ३० गते भित्र गठन भई सक्नु पर्ने र सो को जानकारि गा.पा. मा गराउने र गा.पा. स्तरीय समूह गठन मिति २०७५।०१।०४ गते सम्ममा गर्ने। गा.पा.को यस कार्यक्रम संचालन हुनु अगावै गठन भएका कृषि समुह, कृषि सहकारी गा.पा.मा दर्ता गराउन आव्हान गर्ने र ती समूह सहकारि समेतलाई यसै कार्यक्रममा सम्माहित गरी लगिने ।

## कार्यबिधि प्रस्तावना सम्बन्धमा

यस कार्यविधिमा कुनै नीति-नियम-परिमार्जित संसोधन गर्नु परे पुनः कार्यविधि संचालन सहजिकरण समितिले परिमार्जन गरी गा.पा.मा स्वीकृती लिई संसोधन गर्न सकिनेछ ।

# ***धन्यबाद***